नेपाल सरकार

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्वतीय प्रशिक्षण प्रतिष्ठान

**गैरीधारा, काठमाडौं । फोन : ०१-४४२७५७५**

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना नं. १-०६८/०६९**

**प्रथम पटक प्रकाशित मिति २०६८/१०/२१**

यस कार्यालय अर्न्तगत सञ्चालन हुने पर्वतीय प्रशिक्षण केन्द्र, गार्मा, सोलुखुम्बुमा तपशिल बमोजिमको निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. प्रत्येक बोलपत्र फारम खरिद बापत लाग्ने दस्तुर रु १००० (फिर्ता नहुनेगरी) बुझाई नवीकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, मु.अ.क.दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.ब. ०६७/६८ को कर चुक्ताको प्रमाणित प्रतिलिपि सहितको निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनसम्ममा खरिद गर्न सकिनेछ । बोलपत्र सम्बन्धि कागजात यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा निम्न विवरणहरु बोलपत्र पुस्तिकामा व्यवस्था गरिए अनुसार खुलाउनु पर्नेछ अन्यथा मान्यता हुने छैन ।
(क) प्रस्तावित कार्यको लागि आवश्यक अनुभव । (ख) जनशक्तिको कार्यदक्षता र योग्यता
(ग) आर्थिक क्षमताको विवरण (घ) आवश्यक प्राविधिक मालसामान तथा उपकरणको विवरण (ङ) निर्माण कार्यतालिका ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गर्ने, बोलपत्रको प्रत्येक पानामा सही छाप गरी खाम बन्दी गरी खामको बाहिरी भागमा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको बिबरण, बोलपत्रदाताको नाम, पत्राचार गर्ने आधिकारीक ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई खाममा सिलबन्दी छाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । यसरी दर्ता भएका बोलपत्र दर्ता गर्ने अन्तिम दिन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

४. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

५. बोलपत्र साथ जमानत बापत आफूले कबोल गरेको कुल रकमको २.५% ले हुन आउने रकम राष्ट्रिय बाणिज्य बैंक, टंगालशाखा, काठमाडौंमा यस कार्यालयको धरौटी खाता नं. च.हि.नं. १३०० मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

६. बोलपत्र मु.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. एउटा फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

८. बोलपत्रदाताहरुले बढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन । तर एक बोलपत्रदाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्नुपर्नेछ ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. बोलपत्र सम्बन्धि कुनै कुरा बुझ्नु पर्ने भएमा २०६८/११/१४ गते दिनको २:०० बजे प्रि विड मिटिङ राखिएको व्यहोरा जानकारी गराइन्छ ।

११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा बोलपत्र सम्बन्धि कागजात, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१२. अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा वा फोन नं. ०१-४४२७५७५ मा सम्पर्क राख्न सकिनेछ । यो सूचना पर्वतीय प्रशिक्षण प्रतिष्ठानको वेभसाइट www.man.gov.np` मा पनि हेर्न सक्नु हुनेछ ।

१३. कामको विवरण निम्नानुसारको छ ।

| ठे.नं. | कार्यक्रमको नाम | ल.इ. रकम (मू.अ.कर र कन्टिजेन्सी बाहेक) | बोलपत्र खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|
| ०१/०६७/६८ | Construction of Boundary Wall and Guard House of MAN, Garma, Solukhumbhu. | २५,७५,७४९।५४ | १०००।- | बोलपत्र |